# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र


| | | |
|---|---|---|
| खण्डः६ | आषाढ, ३० गते २०७९ साल | संख्याः १० |


## भाग-१

नगरसभाको मितिः २०७९/०३/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बर्दघाट नगरपालिकाको

## विनियोजन ऐन, २०७९

बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा(२) बमोजिम बर्दघाट नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम बर्दघाट नगरपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त नगरकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ९१ करोडमा  नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७९।०८०को निमित्त बर्दघाट नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा  लेखिएको भए तापनि विपद व्यवस्थापनमा  विनियोजित बजेट अपुग हुने भएमा शसर्त वाहेकका चालु र पूंजिगत योजना तथा कार्यक्रममा विनियोजित रकम मध्येबाट रकमान्तर गरि प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्न सकिने छ ।

कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षककाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थापतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

| क्र.स. | शीर्षकका] नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| | **नगरकार्यपालिका** | | | |
| १.१ | सञ्चालन खर्च (न.पा. र वडा समेत) | १४५०००००।० | १०००००००।० | १५५०००००।० |
| १.२ | म्याद थप भएका योजनाको भूक्तानी | | २७००००००।० | २७००००००।० |
| १.३ | समपुरक /लागत साझेदारी | ०।० | ५००००००।० | ५००००००।० |

| | | | | |
|---|---|---|---|---|
| १.४ | कन्टीन्जेन्सी खर्च | २५०००००।० | २५०००००।० | ५००००००।० |
| १.५ | केन्द्र विषेश | ०।० | २०००००००।० | २०००००००।० |
| १.६ | केन्द्र समपुरक | ०।० | १५००००००।० | १५००००००।० |
| १.७ | प्रदेश समपुरक | ०।० | २०००००००।० | २०००००००।० |
| १.८ | प्रदेश विषेश | | ७००००००।० | ७००००००।० |
| १.९ | प्रदेश ससर्त | ०।० | १२५०००००।० | १२५०००००।० |
| १.१० | मर्मत सम्भार कोष | ०।० | ८००००००।० | ८००००००।० |
| १.११ | विपद व्यवस्थापन कोष | ०।० | ५००००००।० | ५००००००।० |
| १.१२ | नगरका गौरबका योजना | १५९०००००।० | ५०००००००।० | ६५९०००००।० |
| | **क जम्मा** | **१६३४०००००।०** | **२२७००००००।०** | **३९०४०००००।०** |
| २ | **वडा समिति (ख जम्मा)** | **२०००००००।०** | **८०००००००।०** | १००००००००।० |
| ३ | **विषयगत शाखा** | | | |
| ३.१ | विषयगत शाखा ससर्त | २७३९०००००।० | ३०७०००००।० | **३०४६०००००।०** |
| ३.२ | विषयगत शाखा निशर्त | ६५००००००।० | ५०००००००।० | ११५००००००।० |
| ३.२.१ | कृषि शाखा | ०।० | २०००००००।० | **२०००००००।०** |
| ३.२.२ | पशुपंक्षी शाखा | ०।० | १५००००००।० | **१५००००००।०** |
| ३.२.३ | महिला शाखा | ५००००००।० | | **५००००००।०** |
| ३.२.४ | शिक्षा यूवा तथा खेलकुद शाखा | २५००००००।० | १०००००००।० | **३५००००००।०** |
| ३.२.५ | स्वास्थ्य शाखा | ३५००००००।० | ५००००००।० | ४०००००००।० |
| ४ | **ग जम्मा** | **३३८९०००००।०** | **८०७०००००।०** | ४१९६०००००।० |

| | | | | |
|---|---|---|---|---|
| ५ | कूल जम्मा | ५२२३०००००।० | ३८७७०००००।० | ९१००००००।० |

| *बर्दघाट नगरपालिकाको आ.व. ०७९।८० को बजेट रकम* | | | | |
|---|---|---|---|---|
| *क्र.स.* | *नगरपालिकाको अनुदान रकम* | *जम्मा रकम* | *विनियोजन तर्फ* | |
| | | | *चालु* | *पूजीगत* |
| | | | | |
| १ | गतको अ.ल्या | ८३६५८०००।० | ३८६५८०००।० | ४५००००००।० |
| २ | राजश्व बाँडफाड | ४४०००००।० | ४४०००००।० | ०।० |
| ३ | आन्तरीक श्रोत तर्फ | ५६००००००।० | ५६००००००।० | ०।० |
| | **क जम्मा** | **१४४०५८०००।०** | ९९०५८०००।० | ४५००००००।० |
| **नेपाल सरकारबाट प्राप्त अनुदान** | | | | |
| १ | राजश्व बाँडफाड | १३७९००००००।० | १२७९००००००।० | १०००००००।० |
| २ | वित्तिय समानीकरण अनुदान | १९१८०००००।० | ०।० | १९१८०००००।० |
| ३ | सशर्त अनुदान | ३०४६०००००।० | २७३९०००००।० | ३०७००००००।० |
| ४ | विशेष अनुदान | २०००००००।० | ०।० | २०००००००।० |
| ५ | समपुरक अनुदान | १५००००००।० | ०।० | १५००००००।० |
| | **ख जम्मा** | **६६९३०००००।०** | ४०१८०००००।० | **२६७५०००००।०** |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| १ | वित्तीय समानीकरण अनुदान | १०८४२०००।० | ०।० | १०८४२०००।० |
| २ | सशर्त अनुदान | १२५०००००।० | ०।० | १२५०००००।० |
| ३ | विषेश अनुदान | ७००००००।० | ०।० | ७००००००।० |
| ४ | समपरक अनुदान | २०००००००।० | ०।० | २०००००००।० |
| ५ | राजश्व बाँडफाड | ४६३०००००।० | २१४४२०००।० | २४८५८०००।० |
| | **ग जम्मा** | **९६६४२०००।०** | २१४४२०००।० | **७५२०००००।०** |
| | **कूल जम्मा रकम** | **९१००००००।०** | **५२२३०००००।०** | **३८७७०००००।०** |

आज्ञाले
(मेघनाथ पाध्या)
प्रमुख प्रशासकीय अधिकृत

बुढ्ढाघाट नगरपालिका